# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८३।०२।१९ गते ।

## प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

विशेष अदालतमा दर्ता भएको मुद्दा नं. ०८१-CR-०११८ मा वादी नेपाल सरकार प्रतिवादी चन्द्र बहादुर अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा सरकारी साक्षी ईश्वरी प्रसाद गौतमले आयोगका अनुसन्धान अधिकृत समक्ष गरेको बयान कागज तथा आरोप मागदाबीको प्रतिकूल हुने गरी बकपत्र गरेकोले निजउपर अनुसन्धान गर्नुपर्ने भन्नेसमेत बेहोराको प्रतिवेदनका सम्बन्धमा अनुसन्धान हुँदा प्रतिवादी चन्द्र बहादुर अधिकारीसमेत भएको घुस/रिसवत लिई भ्रष्टाचार गरेको मुद्दामा अनुसन्धानको क्रममा अनुसन्धान अधिकृतलाई सहयोग गरेको कारण भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिई प्रतिवादी नबनाई सरकारी साक्षीको रूपमा पेस गरिएका जिल्ला नवलपरासी (ब.सु.पू.), त्रिवेणी गाउँपालिका वडा नं. ७ स्थायी वतन भएका ईश्वरी प्रसाद गौतमले विशेष अदालत, काठमाडौंमा मिति २०८३।०१।२३ गते वकपत्र गर्दा आयोगमा अनुसन्धानको क्रममा गरेको बयान तथा आरोप मागदाबी व्यहोराको प्रतिकूल हुने गरी बकपत्र गरेको पुष्टि भएकोले प्रतिवादी चन्द्र बहादुर अधिकारीले ऋण उपलब्ध गराई दिए वापत घुस/रिसवत रकम रू. ५०,००,०००।- माग गरी लिएको घुस/रिसवत लेनदेन कार्यमा संलग्न भएको देखिएबाट निज ईश्वरी प्रसाद गौतमलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रू.५०,००,०००।- (पचास लाख रूपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (छ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (ङ) बमोजिम कैद र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता<br>
सुरेश न्यौपाने